
# किसान सुचिकरण ब्यवस्थापन प्रणाली

## सहजिकरण पुस्तिका




## प्रकाशन २०७८

## कुशे गाउँपालिका
## कृषि विकास शाखा
थर्पु,भार्मा, जाजरकोट

Scanned by CamScanner

# किसान सूचिकरण व्यवस्थापन प्रणाली परिचय

यो खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन २०७५ को दफाको उपदफा १४ मा रहेर नेपाल सरकार ,कृषि तथा पशुपन्छि विकास मन्त्रालयबाट कृषकको पहिचान स्थापना गर्नका साथै तिनै तहका सरकारशरुलाई कृषि क्षेत्रको विकासका लागि योजना तथा कार्यक्रम निर्माण गर्न दिशानिदेश गर्ने उदेश्यका साथ किसान सुचिकरण व्यवस्थापन प्रणाली तयार गरिएको अनलाईन सफ्टवेयर हो ।

कृषि पेशा/व्यवसायमा संलग्न रहेका किसानले नेपाल सरकारबाट उपलब्ध हुने साहायता अनुदान प्राप्त गर्नको लागि किसान सूचीकरण संकेत नं. अनिर्वाय हुने भएकाले यस किसान सूचीकरण व्यवस्थापन प्रमाणाली सफ्टवेयरमा आवद्ध हुन जरुरी छ ।

# किसान सूचकिरण किन ?

- किसानको आफ्नो पहिचान पाउनको लागि ।
- किसान परिचय-पत्र प्राप्त गर्नका लागि ।
- देशभरी रहेका कृषकहरुलाई एकिकृत गराउन ।
- किसान परिचय-पत्र संकेत नम्बर प्राप्त गरिसकेपछी नेपाल सरकारबाट प्राप्त सेवा सुविधा सहज रुपमा प्राप्त गर्न सकिन्छ ।
- संघ,प्रदेश स्थानियतहबाट प्रकाशित सूचनहरु यहाँबाट हेर्न सकिनेछ ।
- यसमा देशभरीका कृषि सम्बन्धी आफुलाई आवश्यक पर्ने सूचनाहरु हेर्न सकिन्छ ।
- यो किसान सूचीकरण व्यवस्थापन प्रणाली पूर्ण रुपमा संचालन पश्चात कृषि सम्बनिध जस्तै मल, विउ,औजार सेवा सुविधा प्राप्त गर्नको लागि किसान संकेत नम्बर अनिवार्य रहेका हुँदा यसमा आवद्ध हुन अनिवार्य रहेको छ ।
- त्यसैगरी यसको प्रयोग संघ,प्रदेश,स्थानीयतहबाट संचालित हुन कार्यक्रमको सूचना यही सफ्टवेयर माफर्त प्राप्त गर्न सकिन्छ ।

# किसान सूचिकरण गर्ने कसरी ?

यो एउटा विद्युतिय प्रणाली हो । यो सफ्टवेयर प्रयोग गर्न इन्टरनेट तथा डेस्कटप,ल्यापटप,एन्ड्रोइट मोबाईलबाट प्रयोग गर्न सकिन्छ ।


सबैभन्दा पहिले इन्टरनेट जडानगरी इन्टरनेट तथा डेस्कटप,ल्याटप,एन्ड्रोइट मोबाईल को ब्राउजरमा Address bar मा गई www.farmer.moald,gov,np प्रविष्ट गरे पश्चात तलको जस्तो पृष्ठ देखा पर्ने छ ।

Scanned by CamScanner

# किसान सूचीकरण गर्ने कसरी ?




यसपछी त्यहाँ दाँया तर्फ माथिल्लो भागमा रहेको नयाँ दर्ताका लागि यहाँ जानुहोस भन्ने बटनमा click गरे पश्चात त्यहाँ दर्ताका लागि आवश्यक तथ्यांक प्रविष्ट गर्नुपर्ने गर्नुहोस ।





लगइन ठेगानामा आफ्नो मोबाईल नम्बर तथा आफ्नो इमेल ठेगाना राख्नुहोस ।
त्यसपछी लगइन आइ डी सुरक्षित गर्नका लागि न्यूनतम ६ अंकको पासवर्ड राख्नुहोस ।
त्यस पछी तल ब्यक्तिगत विवरण स्थायी ठेगना नागरिक सम्बन्धि विवरण, कृषि कार्य सम्बन्धि विवरण, तथा अन्य विवरण प्रविष्ट गर्नुहोस।
सबै विवरण प्रविष्ट गरिसकेपछी **दर्ता** गर्नुहोस भन्न बटनमा अष्थिप गर्नुहोस् ।
त्यस पश्चात तपाईको निवेदन सफतला पूर्वक पेश भएको छ भन्ने सन्देश प्राप्त हुन्छ ।
अव फेरी पु:न पुरानो पृष्ठमा जानेछ त्यहाँ नयाँ दर्ता राखिएको मोबाईल नंम्बर र तल्लो पट्टी पासवर्ड राख्नुहोला त्यसपछी व्यक्तिगत प्रोफाईलमा जानेछ ।




Scanned by CamScanner

## किसान परिचय-पत्र प्राप्त गर्नको लागि यी सबै फारमहरु भर्नुहोस् ।

### व्यक्तिगत प्रोफाईलमा १७ वटा फारमहरू रहेका छन ।



त्यहाँ रहेका सबै विवरणहरु भरेर प्रविष्ट गरिसेकपछी अन्तमा १७ नं. को फारमा किसान परिचय–पत्र पाउनको लागि नेपाली नागरिकता अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ अन्तमा सबै विवरण प्रविष्ट गरिसकेपछी तलपट्टी म यस सफ्वेयरमा अपलोड गरिएका र प्रदान गरिएको जानकारी सत्य र पूर्ण भएको सुनिश्चित गर्न चहान्छु । भन्ने ठाउँमा ठिक लगाएर अन्तिम सम्विशनमा click गर्नुहोस यो सबै विवरण प्रमाणिकरणको लागि स्थानीय निकायमा पेश हुनेछ ।

## प्रमाणिकरण गर्ने ।

तपाईले पेशगरेको सम्पूर्ण विवरण हेरी स्थानिय तहले प्रमाणिकरण गर्नेछ ।

स्थानियतहबाट प्रमाणिकरण भए पश्चात किसान परिचय–पत्र पेश गरिएको निकायबाट परिचय–पत्र प्राप्त गर्न सकिन्छ ।

यो फारम अर्थात किसान सूचीकरण यो नेपाली भाषामा भनी रहेकोले एन्ड्रोईट मोबाईल, ल्यापटप,डेस्कटप चलाउन सक्ने सबै किसानले प्रविष्ट गर्न सकिने छ । भने यो सम्बन्धि ज्ञान नभएका किसानहरुका लागि स्थानिय तहले नै प्रविष्टकर्ताहरु तथा स्वयमसेवकहरु खटाएर यो कार्य गर्दैछ ।

स्थानिय तहबाट खटाईएका प्रविष्टकर्तालाई आवश्यक सम्पूर्ण विवरण सत्यतथ्य दिई सहयोग गरिदिनुहोला ।

यसले दर्ता भावी कृषि सम्बन्धि निती तथा कार्यक्रम योजना निमार्ण गर्दा यसको आधारमा निर्माण हुदाँ तपाई हामीलाई सहज बनाउने छ ।

यसको विस्तृत जानकारीको लागि तपाईको नजिक स्थानिय तह, कृषि विकास शाखा, पशुपन्छी,शाखा, कृषि ज्ञान केन्द्र,पशु विज्ञकेन्द्र, प्रदेश कृषि विकास निर्देशनालय, प्रदेश कृषि मन्त्रालय तथा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा गई जानकारी लिन सकिने छ ।

**नोट : किसान सूचीकरणको लागि तत्कालै यस कार्यालयबाट स्वयमसेवक तथा प्रविष्टकर्ताहरु तपाईको घरदैलोमा आउँदै हुनुहुन्छ उहाँहरुलाई तपाईको कृषि पेशा व्यवसायको सत्य,तथ्य विवरण दिई कृषि विकासको लागि सहयोग गरिदिनुहोला ।**

कुशे गाउँपालिका

**कृषि विकास शाखा**

थर्पु,भार्मा, जाजरकोट

Scanned by CamScanner